'हाम्रो कला हाम्रो संस्कृति, मध्यपुर थिमि हाम्रो सम्पत्ति'



मौलिक कला, संस्कृति तथा सम्पदाको अनुपम

# गन्तव्य मध्यपुर थिमि



मध्यपुर थिमि नगरपालिका
भक्तपुर, बागमती प्रदेश, नेपाल।



# सन्देश



काठमाडौं उपत्यकाका तीन जिल्लाहरु (काठमाडौं, भक्तपुर र ललितपुर) को मध्य भाग एवं संगमस्थलमा रहेको यस मध्यपुर थिमि नगरपालिका, उपत्यकाका प्राचीन, ऐतिहासिक एवं सांस्कृतिक नगरहरुमध्येको एक हो। राजधानी शहर काठमाडौंसँग जोडिएको यो नगर धार्मिक एवं ऐतिहासिक महत्वका अनेकन् सम्पदाहरुले जसरी सु-सज्जित छ त्यसैगरी यहाँका अनुपम मौलिक कला र संस्कृतिबाट जीवन्त पनि छ। यो परिप्रेक्षमा हाम्रा यी तमाम सम्पदाहरुलाई बाहिरी दुनियासम्म पुऱ्याउन सक्दा यहाँको पर्यटन विकासमा नयाँ आयाम पैदा हुने निश्चित छ। दिगो पर्यटन विकासका माध्यमद्वारा हाम्रा सम्पदाको संरक्षण, संवर्द्धन एवं प्रवर्द्धन गर्दै व्यापक रोजगारी सिर्जनाबाट समुन्नत नगर निर्माण गर्ने प्रमुख अभीष्ट पनि हो। मूलतः वि.सं.२०७४ सालमा स्थानीय सरकार निर्वाचित भएर आएपछि नगरभित्रका ऐतिहासिक सम्पदाहरुको यथोचित संरक्षण, संवर्द्धन एवं पुनर्निर्माणमा तीब्रता दिँदै तिनलाई मनोरम पर्यटकीय गन्तव्यका रुपमा पनि विकास गरिरहेको सर्वविदितै छ। सचेतनापूर्वक यो क्रमलाई जारी नै राखिने छ। यसै सन्दर्भमा नगर क्षेत्रका यावत पर्यटकीय गन्तव्य एवं ऐतिहासिक सम्पदाहरुको संक्षिप्त मार्गदर्शक चिनारी सचित्र प्रकाशन गरी प्रचार-प्रसार गर्ने पहिलो न्यूनतम शर्त अनुरुप '**गन्तव्य मध्यपुर थिमि**' नामक हाते पुस्तिका प्रकाशन गर्न पाउँदा ज्यादै खुसी लागेको छ। एउटै सम्पदाको बारेमा 'ग्रन्थ' नै बन्न सक्ने वास्तविकताका बाबजुद यो हाते पुस्तिकाले पर्यटकलाई मोटामोटी मार्गदर्शन प्रदान गर्ने विश्वाससहित यसको सामग्री संकलन, लेखन तथा 'डिजाइन' गरी यो आकर्षक स्वरुपमा तयार गर्नुहुने *'मदरल्याण्ड पब्लिकेशन प्रा.लि., मध्यपुर थिमि नपा–१'* का सोमनाथ शर्मा र रीता भट्टराई तथा समन्वयका लागि ज्ञानराम श्रेष्ठलगायतका बुद्धिजीवि मित्रहरुप्रति हार्दिक आभार प्रकट गर्दछु। यो शुरुवात हो, शुरुवाती कमीकमजोरी भएछन् भने पनि सच्याउँदै अघि बढ्न प्रतिबद्ध छु।

मिति : २०७७ पुष १७ (जनवरी १, २०२१)
(ने.सं. ११४१ थिंल्लागा द्वितीया)

**मदनसुन्दर श्रेष्ठ**
**नगर प्रमुख**
**मध्यपुर थिमि नगरपालिका, भक्तपुर।**

# गन्तव्य सूची


| | | |
|---|---|---|
| १. | नगर परिचय | ४-५ |
| २. | थिमि | ६-७ |
| ३. | शंखधर पार्क, शंखधर चोक | ८-९ |
| ४. | बालकुमारी मन्दिर, थिमि | १०-११ |
| ५. | विष्णुवीर मन्दिर, थिमि | १२ |
| ६. | हिरण्यवर्ण महाविहार/लोकेश्वर मन्दिर, थिमि | १३ |
| ७. | गुरु गणेश मन्दिर, थिमि | १३ |
| ८. | थिमि लायूकू, थिमि | १४ |
| ९. | नारायण मन्दिर (ताहा द्यो), थिमि | १५ |
| १०. | बाखाछेँ महादेव मन्दिर, थिमि | १६-१७ |
| ११. | निगूपुखू (दुई पोखरी), थिमि | १८-१९ |
| १२. | विष्णु कुण्ड, कोरियन हस्पिटल मार्ग, थिमि | २०-२१ |
| १३. | गरुड नारायण परिसर, थिमि | २२ |
| १४. | इन्द्रायणी परिसर, थिमि | २२ |
| १५. | गुणकीर्ति महाविहार, थिमि | २३ |
| १६. | महालक्ष्मी मन्दिर, थिमि | २३ |
| १७. | दिगु भैरव परिसर, थिमि | २४-२५ |
| १८. | सिद्धिकाली मन्दिर, इनाको, थिमि | २६-२७ |
| १९. | भीमसेन द्रौपदी मन्दिर, इनाको, थिमि | २८ |
| २०. | थिमि पोटरी स्क्वायर, थिमि | २९ |
| २१. | गुंगःचिवा, थिमि | ३० |
| २२. | पाटी विहार, थिमि | ३१ |
| २३. | नगदेश | ३२ |
| २४. | सिद्धिगणेश मन्दिर र स्वर्ण आँखीझ्याल, नगदेश | ३३ |
| २५. | विशंतकी तीर्थ (शिलेश्वर), नगदेश | ३४-३५ |
| २६. | नगदेश लायूकू र नगदेश बुद्ध विहार, नगदेश | ३६ |
| २७. | बोडे | ३७ |
| २८. | महालक्ष्मी मन्दिर, बोडे | ३८-३९ |
| २९. | कुमारी द्यो स्क्वायर, बोडे | ४०-४१ |
| ३०. | नीलबाराही, नीलबाराही बोडे | ४२-४३ |
| ३१. | नारायण मन्दिर परिसर, बोडे | ४४ |
| ३२. | मनहरा 'मिनी कोशीटप्पू' | ४४ |
| ३३. | कुशल भैरव मन्दिर, कौशलटार | ४५ |
| ३४. | नवदुर्गा मन्दिर, गठ्ठाघर | ४५ |
| ३५. | दिव्यश्वरी मन्दिर, लोकन्थली | ४६-४७ |
| ३६. | अन्य विविध | ४८-५१ |

# नगर परिचय

काठमाडौं उपत्यकाका प्रमुख प्राचीन नगरहरुमध्येको एक 'मध्यपुर थिमि', वि.सं.२०५३ चैत्र १४ गते भक्तपुर जिल्लाका साविक नीलबाराही (बोडे), नगदेश, चपाचो, बालकुमारी र दिव्यश्वरी गाविसहरुलाई मिलाएर गठन भएको नगरपालिका हो। साविकमा १७ वडामा विभाजित यो नगरपालिका नेपालको संविधान (२०७२) बमोजिम पुनर्संरचना हुँदा अहिले ९ वटा वडामा बाँडिएको छ। लिच्छविकालीन अभिलेख अनुसार 'थेम्मृङ्ग' भनेर चिनिने यहाँको प्रमुख बस्ती 'थिमि' तथा मध्यकाल एवं मल्लकालमा 'मध्यपुरीस्थान, मध्यदेश, मध्यपुर' आदि नामले जानिने यो नगरपालिकाको नाम पनि उक्त ऐतिहासिक शब्दको संयोजनबाट 'मध्यपुर थिमि' रहन गएको हो। त्यसो त काठमाडौं उपत्यकाका प्रमुख ऐतिहासिक तीन शहर (कान्तिपुर, ललितपुर र भक्तपुर) को मध्यभागमा पर्ने हुनाले यो नगरको नामकरण पनि सार्थक देखिन्छ।

उत्तर-पश्चिम सीमामा बग्ने मणिचुड पर्वतबाट उत्पत्ति भएको मनमती (मनहरा) खोला र दक्षिण सीमामा बग्ने महादेव पोखरी डाँडाबाट उत्पत्ति भएको हनुमती (हनुमन्ते) खोलाले सिँचित यो नगरपालिका समुद्र सतहदेखि औषत करिब १३२६ मि. उचाईमा रहेको छ। यहाँका थिमि, नगदेश, बोडे जस्ता प्राचीन शहरहरुमा विशुद्ध नेवार समुदायको बसोबास अद्यावधी कायम रहेको


## मध्यपुर थिमि नपाको नक्शा र आधारभूत तथ्याङ्कीय विवरण :

**कार्यालय** : मध्यपुर थिमि नपा–६, नगरपालिका चोक, बाहाखा बजार

| वडा नं. | क्षेत्रफल (वर्गकिमि) | घरधुरी | जनसंख्या | | | वडा कार्यालय | समेटिएका साविक वडा |
|---|---|---|---|---|---|---|---|
| | | | जम्मा | पुरुष | महिला | | |
| १. | ०.८६ | ३,६७० | १४,२६० | ७,४२१ | ६,८३९ | लोकन्थली | मध्यपुर थिमि नपा-१६ |
| २. | २.६६ | २,६६६ | ९,८८० | ५,२०९ | ४,६७१ | सानोठिमी | मध्यपुर थिमि नपा-१७ |
| ३. | १.२६ | ४,८८९ | १८,३३६ | ९,४४५ | ८,८९१ | कौशलटार | मध्यपुर थिमि नपा-१५ |
| ४. | ०.६८ | १,९२२ | ८,५६७ | ४,३४० | ४,२२७ | बालकुमारी, थिमि | मध्यपुर थिमि नपा-१२-१४ |
| ५. | ०.७५ | १,४१७ | ६,५४० | ३,२६८ | ३,२७२ | भुलांखेल | मध्यपुर थिमि नपा-९-११ |
| ६. | ०.७६ | १,६७१ | ७,२२३ | ३,६३५ | ३,५८८ | बाहाखा बजार, थिमि | मध्यपुर थिमि नपा-७, ८ |
| ७. | १.४० | १,५७९ | ६,७८३ | ३,४४० | ३,३४३ | नगदेश | मध्यपुर थिमि नपा-४-६ |
| ८. | १.२९ | १,०९९ | ५,०८३ | २,६३४ | २,४४९ | भांगुटोल, बोडे | मध्यपुर थिमि नपा-१,२ |
| ९. | १.४२ | १,३८९ | ६,३६४ | ३,३३१ | ३,०३३ | कृषि तालिम केन्द्र, बोडे | मध्यपुर थिमि नपा-३ |
| जम्मा | ११.४७ | २०,३०२ | ८३,०३६ | ४२,७२३ | ४०,३१३ | *स्रोत : नेपाल सरकारबाट जारी तथ्याङ्क* | |

पाइन्छ भने बाँकी क्षेत्रमा विभिन्न जात-जातिहरुको समिश्रण देख्न सकिन्छ। यो नगरपालिका तीनवटा प्राचीन लायक्कू (शाब्दिक रुपमा यसको अर्थ दरबार भए पनि कुनै समयमा प्रशासनिक इकाई), १४ वटा ढोका (ध्वाका), १३ वटा दबू (डवली), २१ वटा पोखरी/कुण्ड, ९ वटा विहार, ४८ वटा ढुंगेधारा (हिटी), झण्डै २०० वटा सत्तलपाटी, १०० भन्दा बढी इनार तथा १८ वटा कुवाहरुको साथै साना-ठूला गरी ३०० संख्याको हाराहारीमा विभिन्न मठ-मन्दिरहरु लगायतका ऐतिहासिक सम्पदाहरुबाट सु-शोभित छ। त्यसैगरी जनस्तरमा स्थापित एवं प्रचलित मौलिक संस्कार-संस्कृति, कला-कौशलको अनुपम गन्तव्य मध्यपुर थिमिलाई दर्जनौं जात्रा-पर्व (जस्तैः ३२ खट जात्रा), दर्जन वढी परम्परागत नृत्य, वाद्यवादन तथा मौलिक भजन-किर्तन जस्ता अमूर्त सम्पदाहरुले जीवन्त तुल्याएका छन्। 'जात्रैजात्राको शहर' भनेर पनि चिनिने यस नगरका जिब्रो छेड्ने बिस्का जात्रा/सिन्दुर जात्रा, नीलबाराही गणनाच, लायक्कू भैलः, महाकाली नाच, अष्टमातृका नाच आदि नितान्त पृथक मौलिकता भएका अनुपम सांस्कृतिक धरोहरहरु हुन्। खुला दिशामुक्त, पूर्ण खोपयुक्त र पूर्ण साक्षर नगरपालिकाका रुपमा स्थापित यो नगर विशेष गरी हरियो तरकारी र माटाको भाँडाका लागि पनि प्रसिद्ध छ। राजधानी काठमाडौंस्थित कोटेश्वर चोकबाट अरनिको राजमार्ग हुँदै ८०० मि. पूर्व लागेपछि यो नगरक्षेत्र सुरु हुन्छ। सडक सञ्जालको विस्तृत विवरण नक्शामा हेर्नुहोला।

| | |
|---|---|
| | स्थापना : २०५३/१२/१४ (पुनर्संरचना : २०७३/११/२७) |
| | भौगोलिक संकेत (कोड) : ३०७०३ |



# थिमि :

ऐतिहासिक नगरी मध्यपुर थिमि नगरपालिकाको प्रमुख एवं प्राचीनतम् 'थिमि शहर' राजधानी काठमाडौं (माइतीघर) बाट करिब ८ कि.मि. पूर्व तथा भक्तपुर शहरबाट ५ कि.मि. पश्चिममा रहेको छ। अरनिको राजमार्गमा पर्ने शंखधर चोकबाट सिधा उत्तरतर्फ जाने सडकले उत्तरमा 'पुरानो बाटो' (सानोथिमि–बाहाखा बजार–भक्तपुर) सडकस्थित बाहाखा बजारचोकलाई जोडेको छ। उत्तर-दक्षिण करिब १ कि.मि. लामो उक्त सडकको दायाँ-बायाँ (पूर्व-पश्चिम) फैलिएको शहरी बस्ती नै मुख्य थिमि क्षेत्र हो। लिच्छविकाल पूर्व (ईस्वीपूर्व) बाटै बस्ती विकास भएको यो शहरलाई लिच्छवीकालीन अभिलेखमा 'थेम्मृङ्ग' नामबाट चिनिने हुनाले कालन्तरमा यसको नामकरण उक्त शब्दबाट अपभ्रंश हुँदै 'थिमि' रहेको मान्यता छ। किम्बदन्ती अनुसार उहिले थिमि लायक्कूको मूल ढोका अगाडि रहेको मण्डपबाट निरन्तर आगोको ज्वाला निस्किरहन्थ्यो। यसलाई 'थीगु मिँ' (नेपाल भाषामा बलेको आगो) भन्दाभन्दै यस क्षेत्रलाई थिमि भनिएको हो। त्यस्तै थिमि तीनतिर (पूर्व, पश्चिम र दक्षिण) बाट माथि उठेको भू-भागमा अवस्थित बस्ती हो। जसरी औंठीमा बीचको भाग (नगिना) अलिक उठेको हुन्छ, त्यसैगरी नगिना (नेपाल भाषामा 'थि') जस्तै दे वा देश (बस्ती) भएकोले यसलाई 'थिदे' भन्न थालियो। पछि यहाँ बस्ने बासिन्दालाई नेपाल भाषाबाट 'थिमि' ('थि' देशबासी) भन्दाभन्दै यस ठाउँको नाम नै थिमि रहन गएको हो भन्ने मान्यता पनि छ। विशुद्ध नेवारी बस्तीको रूपमा विकास भएको थिमि क्षेत्रमा प्रसस्त ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक महत्वका सम्पदाहरू रहेका छन् :

१ शंखधर पार्क
२ बालकुमारी मन्दिर परिसर
३ बिष्णुवीर मन्दिर
४ लोकेश्वर मन्दिर/हिरण्यवर्ण महाविहार
५ थिमि लायक्कू (दरबार) परिसर
६ बाखाछेँ महादेव मन्दिर परिसर
७ निगूपुखू (दुई पोखरी)
८ इन्द्रायणी मन्दिर परिसर
९ दिगु भैरव परिसर
१० महालक्ष्मी मन्दिर
११ थिमि 'पोटरी स्क्वायर'
१२ गुगः चिवा
१३ पाटी विहार
१४ सिद्धिकाली मन्दिर परिसर
१५ विष्णु कुण्ड
१६ नेपाल-कोरिया मैत्री नपा हस्पिटल

*(संकेत बमोजिमसँगैको नक्सामा हेर्नुहोस।)*



१२
१३
११
१४
९
H
१६
१०
७
८
६
५
१५
४
३
२
१




# शंखधर पार्क :



मध्यपुर थिमि नपा–४, अरनिको राजमार्गमा पर्ने शंखधर चोकस्थित थिमितर्फ जाने सडकको पश्चिमपट्टि करिब १७ रोपनी क्षेत्रमा फैलिएको भिरालो पाखोलाई व्यवस्थित गुरूयोजना बनाई आकर्षक पार्कको रूपमा विकास गरिँदैछ। यहाँ चिटिक्क परेको ढुंगे सिँढीयुक्त तेर्सो र ठाडो पदयात्रा पथ, परम्परागत ढुंगेधारा, दुवोयुक्त हरितक्षेत्र लगायतका संरचना बनिसकेका छन् भने 'भ्यू-पोइन्ट', ह्याङ्गिङ गार्डेन, खुला रंगमञ्च (डबली), बाल उद्यान, 'रक क्लाइमिङ्ग', झरना, परम्परागत शैलीको फल्चा (सुस्ताउने / आराम गर्ने ठाउँ) आदि तीब्र निर्माणको चरणमा छन्। नेपाल संवत्का प्रवर्तक राष्ट्रिय विभूति शंखधर साख्वाःको पूर्णकदको प्रतिमा रहेको शंखधर चोकमा ऐतिहासिक थिमि नगरीको भव्य प्रवेशद्वारसँगै मध्यपुर थिमिका पर्यटकीय सम्भावनाहरूको मार्गदर्शक सूचना दिने हेतुले नगरपालिकाद्वारा संचालित 'पर्यटन सूचना केन्द्र' पनि राखिएको छ। त्यस्तै यो चोकबाट पूर्वपट्टि थोरै माथि उठेको ढिस्कोमा वनदेवीको मन्दिरसहित रमणीय सानो पार्क पनि छ।


हार्दिक स्वागत गर्दछ।
BHAKTAPUR Holidays
Head Office






# बालकुमारी मन्दिर :

मध्यपुर थिमि नपा-४, थिमिको क्वलाखु टोलस्थित मूल सडक छेउमा रहेको ऐतिहासिक एवं सांस्कृतिक महत्वको बालकुमारी मन्दिर (क्वलाखु द्यः) थिमि क्षेत्रकै सबभन्दा ठूलो र प्राचीन सम्पदामध्येको एक हो। प्यागोडा शैलीमा तीनतले उत्तराभिमुख यस मन्दिरका छानाहरु स्वर्ण लेपन गरिएका तामाका पाताले छाएको छ। मन्दिरको गर्भगृहमा बालकुमारी देवीको निराकार मूर्ति विराजमान छ। मन्दिर अगाडिको प्राङ्गणमा १४x१४ इन्च मोटो र २५ फिट अग्लो शिला स्तम्भमा बालकुमारीको बाहन मानिने मयुरको दक्षिणाभिमुख प्रतिमा राखिएको छ। ने.सं.९१८ (वि.सं.१८५५) मा स्थापना भएको यो शिला स्तम्भमा रहेको मयुरको चुच्चोबाट वि.सं.२०२८ तिर रगत बगेको अलौकिक घटनालाई स्थानीय बुढापाकाहरुले अझै चर्चा गर्दछन्। थिमिक्षेत्रका बासिन्दाहरुले मूल देवताका रुपमा मान्ने यो मन्दिरलाई काठमाडौं उपत्यकाको चारदिशामा स्थापित चारकुमारी मध्येको







पूर्वी दिशामा स्थापित कुमारीका रुपमा लिइन्छ। ने.सं.६०० (वि.सं.१५३६) भन्दा पहिले नै निर्माण भएको यो मन्दिरमा थिमि क्षेत्रमा मनाइने हरेक सांस्कृतिक महत्वका जात्रा-पर्वहरुको आरम्भ र समापन संस्कार जोडिने गर्दछ। विशेषगरी बडादशैं र बिस्का जात्राका समयमा यहाँ भव्य पूजा गरिनुका साथै ठूलो संख्यामा दर्शनार्थीहरुको मेला लाग्दछ। यस मन्दिरमा हरेक आइतबार हाँसको बलि दिएर पूजा गर्ने प्राचीन परम्परा पछिल्ला दिनहरुमा भने लोप भएको देखिन्छ। यस मन्दिर परिसरमा बटुक भैरव, कृष्ण मन्दिर, गणेश मन्दिर, १०x१०x१० फिट गहिरो वर्गाकार खाल्डोमा स्थापना गरिएको शिवलिङ्ग (गाःमहाद्यः), कलात्मक सत्तल, पाटी, डबलीसहित पोखरी आदि रहेका छन्। हालै (२०७६/७७) जीर्णोद्वार गरिएको यो मन्दिर परिसर अरनिको राजमार्गस्थित शंखधर चोकबाट करिब ३०० मि. उत्तरमा पर्दछ।




# विष्णुवीर मन्दिर (सुङ्गा द्यो) :

मध्यपुर थिमि नपा–४, थिमिको सुँगाटोलमा अवस्थित प्राचीन विष्णुवीर मन्दिर, प्रसिद्ध बालकुमारी मन्दिरबाट १७५ मि. पश्चिममा रहेको छ। नगरबस्ती भन्दा थोरै बाहिर रहेको यो मन्दिर गुम्बज शैलीमा करिब १५ फिट अग्लो छ। हाल पूर्वाभिमुख यो मन्दिर प्राचीनकालमा भने पश्चिमाभिमुख १२ कुने आकारमा रहेको भनाई छ। मुख्यद्वारको अगाडि ३ फिट अग्लो शिलास्तम्भमा विष्णुको वाहनस्वरुप हात जोडेको गरुढको शिलामूर्ति नै राखिएको छ। मन्दिरको गर्भगृहमा निराकार शिलामूर्तिहरु रहेका छन्। यसको उत्तरी बाहिरी गारोमा सटाएर बनाइएको सरस्वतीको सानो मन्दिर छ भने मन्दिरको उत्तर-पश्चिमी कुनामा सिद्धिकालीको मूर्ति छ। नित्य भजन आदिका लागि मन्दिरको पूर्व, पश्चिम र उत्तर तिर आधुनिक शैलीमा पाटीहरु निर्माण गरिएको छ। थिमि नगरक्षेत्रमा स्थापित अष्टमातृका गणमध्ये यसलाई वैष्णवी स्वरुपमा पूजागर्ने परम्परा छ। मूलतः बिस्का जात्राका बेला बिभिन्न टोलका पाँच गणेश खटको नेतृत्व विष्णुवीरको खटले गर्दछ भने बैसाख मसान्तको दिन गरिने विष्णुवीर खटजात्रामा खटलाई थिमिको परिक्रमा गराउने चलन छ।



# हिरण्यवर्ण महाविहार / लोकेश्वर मन्दिर :

मध्यपुर थिमि नपा–४ थिमिस्थित मूलसडकमै रहेको हिरण्यवर्ण महाविहार / लोकेश्वर मन्दिरलाई स्थानीयस्तरमा तःवहा, लुकुना द्यो, करुणामय जस्ता नामहरूले पनि चिनिन्छ। ने.सं.६८५ (वि.सं.१६२२) मा यस विहार तथा मन्दिरलाई जग्गा चढाइएको कुरा 'ताडपत्र' अभिलेखमा उल्लेख हुनुले यसको प्राचीनता प्रमाणित हुन्छ। अत्यन्त सुन्दर एवं कलात्मक 'करूणामय' को भव्य मूर्तिलाई यस मन्दिरको मुख्य देवताका रूपमा विराजमान गराइएको छ। थिमि क्षेत्रकै मुख्य विहार (वहाः) मानिने यो महाविहारसँग विशेष गरी थिमिका सम्पूर्ण बज्राचार्य समुदाय आबद्ध छन् । दुईतले प्यागोडा मन्दिर शैलीको उत्तराभिमुख यो बौद्ध सम्पदा आकारमा २२ फिट वर्गाकार र करिब ३३ फिट अग्लो छ। हिन्दूहरुको पनि समान आस्थाको केन्द्र यो विहार / मन्दिर, बालकुमारी मन्दिरबाट ८० मि. उत्तरमा पर्दछ।



# गुरु गणेश मन्दिर :

मध्यपुर थिमि नपा–४, थिमिको मूलसडकमै रहेको गुरु गणेश मन्दिर, लोकेश्वर मन्दिरबाट ८०/८५ मि. उत्तरमा पर्दछ।

## थिमिको सांस्कृतिक केन्द्र

# थिमि लायक्‌ू :

मध्यपुर थिमि नपा–४, थिमिको मध्यभागमा रहेको थिमि लायक्‌ू (दरबार) परिसरमा हाल आदर्श मा.वि. सञ्चालनमा छ। करिब ४ रोपनी क्षेत्रमा फैलिएको यो परिसर थिमिको मूल सडकमै (बालकुमारी मन्दिरबाट १७५ मि. उत्तर) पर्दछ। यहाँस्थित दुईतले भवनलाई लायक्‌ू तलेजु तथा धार्मिक एवं सांस्कृतिक क्रियाकलापका लागि छुट्टाइएको छ। बिस्का जात्राका क्रममा खटमा राखिने नगरदेवता बालकुमारीका मूर्तिहरुलाई पनि यहीँ राख्ने गरिन्छ। प्राचीन समय मल्लकालमा दरबार वा प्रशासनिक अड्डा रहेको लायक्‌ू परिसरको मूल तलेजु भवन र त्यस अगाडिको आँगन/चोकको कलात्मक पक्ष निकै आकर्षक देखिन्छ। थिमि नगरका सांस्कृतिक क्रियाकलापहरु यसै परिसरबाट सञ्चालन हुने हुनाले यसलाई सांस्कृतिक केन्द्र पनि मान्न सकिन्छ। हाल पुरानै शैलीमा यसको पुनर्निर्माण कार्य जारी छ।



Photo : nANDU



# नारायण मन्दिर (ताहा द्यो) :

मध्यपुर थिमि नपा–४, थिमि लायकू परिसर नजिकै मूलसडकको पूर्वपट्टि ने.सं.७६९ (वि.सं.१७०६) तिर शिखर शैलीमा निर्माण भएको नारायण मन्दिर (ताहा द्यो) लाई हाल पुरानै स्वरुपमा पुनर्निर्माण गरिएको छ।

## थिमिक्षेत्रकै सबैभन्दा पुरानो सम्पदा,

# बाखार्छैँ महादेव मन्दिर :

मध्यपुर थिमि नपा–४ थिमिको सिवाटोलस्थित बाखार्छैं महादेव मन्दिर, थिमि लायूकू परिसरको उत्तर-पूर्वी कुनामा तथा थिमि मूल सडकबाट ११० मि. भित्र (पूर्वतर्फ) रहेको छ। ने.सं.५६१ (वि.सं.१४९८) मा यसको निर्माण भएको भन्ने शिलालेख भेटिएकोले यो मन्दिरलाई थिमि क्षेत्रकै सबैभन्दा पुरानो सम्पदा मानिन्छ। दुईतले प्यागोडा शैलीमा निर्मित यो मन्दिर करिब ३० फिट अग्लो छ। पश्चिमाभिमुख यो मन्दिरका छानाहरु झिंगटीले छाइएको छ भने स्वर्णलेपन गरिएको धातुको गजुरले



मन्दिरको शोभा अझ बढाएको छ। गर्भगृहमा शिवलिङ्ग स्थापित गरिएको कलात्मक यो मन्दिरको दक्षिणपट्टि प्यागोडा शैलीमा निर्मित दुईतले सिवागणेशको मन्दिर पनि सँगै रहेको छ। झिंगटीले छाएको दक्षिणाभिमुख यो गणेश मन्दिरसहित यस परिसरमा गौरीशंकर, भैरव, सिद्धिगणेश, बुःमहाद्यो (स्वयं प्रकट महादेव), गोलाखु द्यो (नौ देवता) लगायत ऐतिहासिक एवं सांस्कृतिक महत्वका विभिन्न देवी-देवताका मूर्तिहरुका साथै पाटी, डबली, कुण्ड, ढुंगेधारा, चैत्य आदि रहेका छन्।





# निगूपुखू (दुई पोखरी) :

मध्यपुर थिमि नपा–४, थिमिस्थित लायकू परिसरबाट १०० मि. उत्तर मूलसडकको पूर्वपट्टि जोडिएर रहेका २ वटा ऐतिहासिक पोखरीलाई निगूपुखू (दुईपोखरी) भनिन्छ। करिब ३०० वर्ष पहिले गंगा महारानीले यो पोखरी स्थापना गरी मध्यपुर थिमिबासीलाई पानीको स्रोत दिएको कथन छ। वि.सं.२०५४ सालसम्म पानी रहेका यी पोखरीको संरक्षण र संवर्द्धन अभावले पछि सुख्खा मैदानमा परिणत भएकोमा वि.सं.२०७७ मा पुनर्निर्माण गरी दक्षिणतर्फको पोखरी (१०६१.४५ वर्ग मि.) तयार भईसकेको छ भने




Photo : nANDU

उत्तरतर्फको अर्को पोखरी (१७७६.८४ वर्ग मि.) पनि तीब्र पुनर्निर्माणको चरणमा छ। यी पोखरीलाई परम्परागत कलायुक्त ईट्टाको पर्खालद्वारा घेरिएको छ। आकर्षक प्रवेशद्वारसहितको पर्खाल भित्रपट्टि पोखरीको चारैतर्फ किनारामा चौडा परिक्रमा पथ निर्माण गरिएको छ। पर्खालको भित्रि भित्तामा निर्मित खोपाहरुमा विजुली बत्ति जडान गरिनुका साथै पोखरीमा पानीका आधुनिक फोहोराहरु र बत्तिहरुको व्यवस्था मिलाइएकोले यी पोखरी आन्तरिक पर्यटनको केन्द्र नै बनेका छन्। साथै पोखरी क्षेत्रमा बस्नको लागि परम्परागत शैलीका फल्चाहरू (पाटी) पनि निर्माण गरिएको छ।











# विष्णु कुण्ड (सुङ्गापुखू) :



मध्यपुर थिमि नपा–४ स्थित ऐतिहासिक विष्णु कुण्ड विगत धेरै बर्ष खण्डहरमा परिणत भएको भएपनि वि.सं.२०७५ सालमा अन्यन्त आकर्षक तवरले पुनर्निर्माण गरी मनमोहक तुल्याइएको छ। करिब २३ मि. लामो, १० मि. चौडा र १.५१ मि. गहिरो यो कुण्डलाई परम्परागत कलायुक्त ३२.५ मि. लामो, १९.६ मि. चौडा र १.२८ मि. अग्लो ईट्टाको पर्खालद्वारा घेरिएको छ। आकर्षक प्रवेशद्वारसहितको पर्खाल भित्रपट्टि कुण्डको चारैतर्फ किनारामा ३ मि. चौडा परिक्रमा पथ निर्माण गरिएको छ। पर्खालको भित्रि भित्तामा निर्मित खोपाहरुमा विजुली बत्ति जडान गरिनुका साथै पोखरीमा पानीका आधुनिक फोहोराहरु र बत्तिहरुको व्यवस्था मिलाइएकोले यो कुण्ड अति सुन्दर भएको छ। विगतमा घण्टाकर्ण चतुर्दशी (गठांमुगः चऱ्हे) का दिन मेला लाग्ने यो कुण्डको पछाडिपट्टि रहेको जङ्गल (विष्णुवीर मन्दिरदेखि इन्द्रायणी परिसरसम्म) क्षेत्रमा पर्यटकीय संरचनाहरु निर्माण गर्ने योजना अनुसार काम जारी छ। यो कुण्डसँगै जापानी प्रविधिबाट नगरको फोहोरलाई गन्धरहित प्राङ्गारिक मल बनाउने '**कम्पोष्ट मल केन्द्र**' पनि रहेको छ, जहाँ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रबाट अध्ययन अवलोकन गर्न आउने गर्दछन्। अरनिको राजमार्गमा पर्ने चारदोबाटो चोकबाट (६०० मि. भित्र) उत्तरजाने सडकछेउमै यो कुण्ड रहेको छ।

# गरुड नारायण परिसर :



मध्यपुर थिमि नपा –४ थिमिको इनायटोलस्थित मूलसडकमा सँग-सँगै रहेका गरूड नारायण र राज गणेश मन्दिर । निगूपुखू (दुईपोखरी) को समीपमा रहेको गरूड नारायण परिसरमा गरिने नित्य भजन स्थानीयस्तरमा निकै लोकप्रिय छ ।


# इन्द्रायणी परिसर :



मध्यपुर थिमि नपा–४ थिमिको मूलसडकमा अवस्थित निगूपुखू (दुईपोखरी) परिसरबाट करिब १०० मि. पश्चिमतर्फ रहेको ऐतिहासिक इन्द्रायणी मन्दिर, थिमिका अष्टमातृका गणमध्येको एक पनि हो ।




इन्द्रायणी परिसरमा रहेको आलचको मन्दिर (आकाश भैरव)



# गुणकीर्ति महाविहार :

मध्यपुर थिमि नपा–५ थिमिको दिगुटोलस्थित मूलसडकसँग पूर्वपट्टि जोडिएको गुणकीर्ति महाविहारलाई स्थानीयस्तरमा 'दिगु वहाः' भनेर पनि चिनिन्छ। ने.सं.८०८ मा जीर्णोद्वार गरिएको शिलालेख यहाँ अझै सुरक्षित हुनुले यसको प्राचीनता सहजै प्रमाणित हुन्छ। लिच्छविकालीन शैलीको चैत्य तथा बौद्ध गुरू पद्मसम्भवको मूर्ति यस विहारका प्रमुख आकर्षण हुन्। साथै यहाँ ने.सं.६८४ (वि.सं.१६२१) र ने.सं.६८९ (वि.सं.१६२६) मा निर्माण भएका दिपंकर बुद्धका दुईवटा सानो र ठूलो सुवर्ण मूर्तिहरू राखिएको छ जसलाई पन्चदानको दिन (भाद्र कृष्ण त्रयोदशी) थिमि, नगदेश, बोडे क्षेत्रमा घुमाएर दिपंकर जात्रा गरिन्छ।

# महालक्ष्मी मन्दिर :



मध्यपुर थिमि नपा–५ थिमिको मूलसडकमा अवस्थित दिगु भैरव मन्दिरबाट करिब २५० मि. पूर्वतर्फ चोडेस्थित सांस्कृतिक महत्वको महालक्ष्मी मन्दिर तथा यहाँबाट दक्षिणतर्फ देखिने शहर र हरियाली पहाडको रमणीय दृश्य।



# दिगु भैरव मन्दिर :

मध्यपुर थिमि नपा–५, थिमिको दिगुटोलस्थित मूलसडकमै रहेको यो मन्दिरलाई स्थानीय नेवार समुदायले कूल देवताको रुपमा पनि पुज्दछन् । दक्षिण र पूर्व गरी दुईतिर मूलढोका रहेको यस मन्दिरको दक्षिणी ढोका सँधै खुला रहन्छ जहाँबाट भैरवको दर्शन गर्न सकिन्छ भने पूर्वीढोका दिवाली लगायतका विभिन्न चाडपर्वहरुमा मात्र खोल्ने गरिन्छ जहाँ कूलदेवतालाई विराजमान गराइएको छ । ने.सं.६०० (वि.सं.१५३६) तिर स्थापना भएको अनुमान गरिने दुईतले प्यागोडा




शैलीको यो मन्दिर परिसरमा दिगु गणेश, वृहस्पति, नारायण, दुईवटा महादेव मन्दिर, चैत्यहरु तथा सांस्कृतिक महत्वका कलात्मक डबली र पाटीहरु रहेका छन् । यहाँस्थित डबलीमा इन्द्रजात्राको भोलिपल्ट थिमिको प्रसिद्ध जिब्रो छेड्ने जात्राको आयोजना गरिन्छ भने जिब्रो छेडेको सुइरो बालकुमारी मन्दिरमा चढाउने चलन छ । बिस्का लगायतका हरेक जात्रा-पर्वका बेला देवी-देवताका खटहरुलाई नगर परिक्रमा गराउने क्रममा यस मन्दिरको परिक्रमा गराउने परम्परा छ ।



# सिद्धिकाली मन्दिर परिसर :

मध्यपुर थिमि नपा–६ थिमिस्थित मल्लकालीन सिद्धिकाली मन्दिर दुईतले प्यागोडा शैलीमा निकै भव्य छ। थिमिको सुरक्षार्थ स्थापित अष्टमातृकामध्ये यसलाई चामुण्डाका रुपमा पूजा गरिन्छ। दक्षिणाभिमुख यस ऐतिहासिक मन्दिरका छानाहरू स्वर्ण लेपन तामाका पाताले छाएको छ। मन्दिरको गर्भगृहमा सिद्धिकालीसहित विभिन्न देवीदेवताका मूर्तिहरू विराजमान छन्। काष्ठकलाको उत्कृष्ट नमुना देखिने यस मन्दिर परिसरमा महादेव, सरस्वती, भीमसेनलगायतका मठ-मन्दिरहरूसहित कलात्मक सत्तल, पाटी, प्रवेशद्वार, ढुंगेधारा, चैत्य आदि सम्पदाहरू पनि रहेका छन्। प्रसिद्ध बिस्का जात्राका बेला सिद्धिकाली खटको नेतृत्वमा विभिन्न ठाउँका गणेशका खटहरू सहभागी भई नगर परिक्रमा गर्ने प्रचलन छ। अरनिको राजमार्गमा पर्ने चारदोबाटो चोकबाट (९५० मि. भित्र) उत्तरमा पुरानो बाटो (सानोथिमि-बाहाखा बजार-भक्तपुर) जोड्ने सडकछेउमा रहेको यो मन्दिर थिमिस्थित मूलसडकको हात्तीमहांकाल चोकबाट ३०० मि. पश्चिममा पर्दछ। यस मन्दिरबाट २०० मि. दक्षिणमा नगरपालिकाद्वारा सञ्चालित **नेपाल–कोरिया मैत्री नगरपालिका अस्पताल** रहेको छ।










# भीमसेन द्रौपदी मन्दिर :

मध्यपुर थिमि नपा–२, थिमि इनाकोस्थित ऐतिहासिक भीमसेन द्रौपदी मन्दिर, सिद्धिकाली मन्दिरबाट १०० मि. पश्चिममा पर्दछ । यहाँ २ वटा प्राचीन ढुंगेधाराहरु (ध्वंहिटी) पनि रहेका छन् ।

# माटाको भाँडा बनाउने क्षेत्र 'थिमि पोटरी स्क्वायर' :





मध्यपुर थिमि नपा–५, थिमिको चपाचोस्थित मूल सडकबाट पश्चिमपट्टिको क्षेत्र विशेष गरी माटाको भाँडा बनाउने क्षेत्रका रूपमा प्रसिद्ध छ। माटाका विभिन्न भाँडाकुँडा बनाउने स्थानीय पौरखी हातहरूका मौलिक कलाको प्रत्यक्ष अवलोकन गर्न सकिने हुँदा पर्यटकका निम्ति पनि यो पृथक र नौलो अनुभव हुने गर्दछ। त्यसो त माटाका भाँडाहरू लहरै घाममा सुकाएको दृश्यले यहाँ पुग्ने कसलाई पो मोहित नपार्ला ? यसक्षेत्र बाहेक थिमिका अन्य केही स्थानहरूमा पनि माटाका भाँडा बनाउने गरेको देखिन्छ। (निगूपुखू (दुईपोखरी)बाट ३०० मि. उत्तर)





चपाचोस्थित सिद्धिकाली द्यो छेँ।





चपाचोस्थित विश्व विनायक मन्दिर परिसर (वडा नं.-६)।

# गुंगः चिवा :



मध्यपुर थिमि नपा–६, थिमिको मूलसडकसँगै पूर्वपट्टि जोडिएको गुंगः चिवा (नौ वटा चैत्य) बाहाखा बजार चोकबाट करिब ४० मि. दक्षिणमा पर्दछ।



# पाटी विहार :

मध्यपुर थिमि नपा–६, बाहाखा बजार (पुरानो बाटो) स्थित नगरपालिका चोकबाट १०० मि. दक्षिणमा रहेको पाटी विहारलाई वि.सं.२०२५ तिर उत्खनन् गर्दा स्पष्ट पढ्न नसकिने निकै पुरानो शिलालेख प्राप्त भएबाट यसको प्राचीनता सहजै अनुमान गर्न सकिन्छ। वि.सं.२०२५ साल अगाडिसम्म भग्नावशेष अवस्थामा रहेको यो विहारले हालको भव्यतायुक्त स्वयम्भूशैली भने वि.सं.२०५२ साल तिर मात्र पाएको हो। यो विहारभित्र गर्भगृहमा १३ फिट अग्लो सुनौलो बुद्धमूर्ति र सयौंको संख्यामा भक्तजनहरू अटाउने धम्म हल पनि रहेको छ।





Photo : nANDU

# नगदेश :

थिमि शहरबाट नजिकै उत्तर–पश्चिम भेगमा अवस्थित प्राचीन बस्ती 'नगदेश', मध्यपुर थिमि नगरपालिका क्षेत्रका प्रमुख ३ प्राचीन बस्ती (थिमि, नगदेश, बोडे) मध्येको एक हो। यो बस्तीको दक्षिणतर्फ प्रसिद्ध वासुकी नागको निवासस्थान छ जसलाई अहिले पनि वासुकीफाँट भनेर चिनिन्छ। यसरी वासुकीफाँटको माथिपट्टि बस्ती बसाली नागराजाको बास भएको देश (बस्ती/शहर) भनेर नागदेश वा नगदेश नामकरण भएको मानिन्छ। नरदे, नकदे, जयपुर जस्ता ऐतिहासिक नामहरू तथा 'तरकारीको बगैँचा', 'किसानको शहर' आदि उपनामले परिचित नगदेशका प्रायः सबै घरहरूमा हरियो तरकारीलाई बजारमा लैजान मुठ्ठा बाध्ने लगायतका कृषि कर्म प्रत्यक्ष देख्न सकिन्छ। यहाँका प्रमुख सम्पदाहरू :

- ❖ सिद्धिगणेश मन्दिर
- ❖ विशंतकी तीर्थ (शिलेश्वर महादेव)
- ❖ घो छैंको स्वर्ण आँखीझ्याल
- ❖ नगदेश बौद्ध विहार
- ❖ प्राचीन चैत्यहरु
- ❖ नगदेश लाय्कू







# सिद्धिगणेश मन्दिर तथा द्यो छैंको स्वर्ण आँखीझ्याल :

मध्यपुर थिमि नपा–७ नगदेशको न्यागाःटोलमा सिद्धिगणेश द्यो छैं (देवी-देवताको घर) रहेको छ। काष्ठकलाले भरिपूर्ण द्यो छैंको 'स्वर्ण आँखीझ्याल' (लुँझ्याः), यसको प्रमुख आकर्षण हो। ने.सं.९६१ (वि.सं.१८९८) मा निर्माण भएको यो घरमा जात्रामा प्रयोग गरिने सिद्धिगणेशको मूर्ति, खट लगायतका सांस्कृतिक क्रियाकलापलाई चाहिने अन्य सामग्रीको भण्डारण गर्ने गरिन्छ। त्यसैले यो मन्दिर तुल्य श्रद्धाको धरोहर पनि हो। यसको निर्माण हुनुभन्दा पहिला सिद्धिगणेशको मूर्तिलाई पालै-पालो स्थानीय बासिन्दाकै घरमा राख्ने गरिन्थ्यो। एकनाले र तीनतले द्यो छैंको पूर्व-पश्चिम लम्बाई करिब ८० फिट र उत्तर-दक्षिण चौंडाई १३ फिट तथा ३५ फिट अग्लो छ। उत्तरीमोहडा भएको यस सम्पदाको बीचमा वारपार गर्न मिल्ने १४ फिट अग्लो र ७ फिट चौडा आकर्षक प्रवेशद्वार छ।

वास्तुकलाको अनुपम नमुना द्यो छैंको प्रवेशद्वारबाट छिरेर दायाँ मोडिएपछि प्रसिद्ध सिद्धिगणेश मन्दिर परिसरमा पुग्न सकिन्छ। झण्डै ३५ फिट अग्लो तीनतले प्यागोडा शैलीको यो मन्दिर पश्चिमाभिमुख छ। ने.सं.६०० (वि.सं.१५३६) को आसपासमा निर्माण भएको अनुमान गरिने यो मन्दिरलाई कसैले थिमि बालकुमारीको जेठो छोराको रुपमा त कसैले कुमारको रुपमा पनि मान्ने गरेको पाईन्छ। प्रसिद्ध बिस्का जात्राको बेला थिमिको बालकुमारी मन्दिर परिसरमा ल्याइने ३२ वटा खटमध्ये नगदेश क्षेत्रबाट सामेल हुने यो एकमात्र खट हो। सिद्धिगणेशको खट नपुगेसम्म बालकुमारी प्राङ्गणबाट शुरु हुने मूल खटयात्रा आरम्भ नहुने परम्परा छ। प्रत्येक बैसाख १ गते साँझ नगदेश परिक्रमा गरी प्रारम्भ हुने सिद्धिगणेश खटयात्रा बैसाख २ गते बिहान बालकुमारी खटयात्रामा सहभागी हुन लैजाने प्राचीन परम्परा हो। यो स्थान बाहाखा बजार चोकस्थित पुरानो बाटो (सानोथिमि–बाहाखा बजार–भक्तपुर) बाट १५० मि. भित्र पर्दछ।





# विशंतकी तीर्थ (शिलेश्वर) :

मध्यपुर थिमि नपा–७, नगदेशको मूलबस्ती भन्दा ५०० मि. उत्तर-पश्चिममा अवस्थित ऐतिहासिक विशंतकी तीर्थ (शिलेश्वर) मा प्रसिद्ध गोंसाईकुण्डको पवित्र जल आउने जनविश्वासले जनैपूर्णिमाका दिन दर्शनार्थीहरुको ठूलो उपस्थिति देखिन्छ। भगवान् शिवले कालकूट बिष सेवन गरेपछिको छट्पटी मेटाउन यस कुण्डमा बसेको भन्ने मान्यतासाथ सोह्रश्राद्धका बेला पनि श्राद्ध गर्नेहरुको ठूलो भीँड लाग्ने यो स्थानमा स्नान गर्दा गोंसाईकुण्डमा स्नान गरे बराबरको पुण्य प्राप्त हुने जनविश्वास पनि छ। यहाँस्थित कुण्डको बीचमा भगवान् शिवको शयनमुद्राको भव्य शीलामूर्ति वि.सं.२०७४ सालमा स्थापना गरिएको छ भने वि.सं. २०७२ सालतिरै यस कुण्डको वरिपरि डिलमा पञ्चमुखी शिवलिङ्गसहित नेपालका ६४ वटा ज्योतिर्लिङ्गहरूका प्रतिस्वरूपलाई लहरै प्रतिस्थापन गरिएको छ। कुण्डको पश्चिमतर्फ अशोककालीन शैलीको प्राचीन सानो चैत्य एवं शीलामा लक्ष्मी र नारायणका पदछाप संरक्षित छन् भने दक्षिणतर्फको थोरै अग्लो स्थानमा ऐतिहासिक महत्वका प्राचीन चैत्यहरू रहेका छन्। 'विश्वभू तथागत' (बुद्ध) को नामबाट विश्वभू तीर्थ हुँदै हाल विशंतकी तीर्थ भएको स्थानीय बौद्धमार्गी समुदायको मान्यता छ। करिब २ रोपनी क्षेत्रको यस परिसरमा पाटी पनि बनाइएको छ। बाहाखा बजार चोकस्थित पुरानो बाटो (सानोथिमि-बाहाखा बजार-भक्तपुर) बाट उत्तर-पश्चिम जाने सडक (थिमि-नगदेश-धुञ्चोपाखा) को ६५० मि. दूरी पार गरेपछि त्यहाँबाट १०० मि. पश्चिममा यो तीर्थ रहेको छ।






# नगदेश लायकू :

मध्यपुर थिमि नगर क्षेत्रका मल्लकालीन ३ वटा (थिमि, नगदेश र बोडे) लायकूमध्ये नगदेश लायकू (दरबार) पनि एक हो। सिद्धिगणेश मन्दिरबाट पश्चिमतर्फ करिब १०० मि. दूरीमा रहेको पूर्वाभिमुख यो लायकूसँग पनि नगदेश क्षेत्रका सांस्कृतिक जात्रा-पर्वहरूको आरम्भ र समापन संस्कार जोडिने गर्दछ। वि.सं.१९९० को महाभुकम्पबाट क्षतिग्रस्त भएपछि उचित संरक्षण नभएको यस लायकूमा हाल कोट (मौलो), इनार आदि रहेका छन्। पछि वि.सं.२०२४ तिर यसको पूर्वतर्फ फल्चा (पाटी) र उत्तर-पूर्वतर्फ साविक गाउँ पञ्चायत भवन बनाइएको हो। यस लायकूको मूल प्रवेशद्वारसँगै करिब डेढ फिट अग्लो दुर्लभ **पञ्चमुखी हनुमान** मूर्ति देख्न सकिन्छ।

# नगदेश बुद्ध विहार :



मध्यपुर थिमि नपा–७ नगदेशको महाखेलस्थित ‘नगदेश बुद्ध विहार’ बौद्ध धर्मावलम्बीहरूको परम आस्थाको केन्द्र हो। वि.सं.२०४५ सालमा स्थापना भएको यो विहारले करिब ४ रोपनी क्षेत्र ओगटेको छ। पुर्वाभिमुख यो विहार भौगोलिक अवस्थितिका कारण पूर्वी मोहडाबाट दुईतले, दक्षिणबाट तीनतले, पश्चिमबाट पाँचतले र उत्तरी मोहडाबाट साततले देखिन्छ। ‘बौद्ध परियत्ती’ शिक्षाको अध्ययन अध्यापन गराइने यो विहार, सिद्धिगणेश मन्दिरबाट बहाननी टोल हुँदै झन्डै ३०० मि. पश्चिममा पर्दछ।



# बोडे :

मध्यपुर थिमि नगरपालिका क्षेत्रका प्राचीन तथा ऐतिहासिक एवं सांस्कृतिक शहरहरुमध्ये बोडे पनि एक हो । किराँतकालमा बोडेलाई बोस्निङग्राम भनिन्थ्यो भने मल्लकालमा धर्मपुर र पछि बुडे हुँदै अहिले बोडे भन्न थालिएको हो । प्रख्यात नीलबाराहीको काखमा एवं मध्यपुर थिमि नपाको उत्तरी भेगमा अवस्थित बोडेका मौलिक कला, संस्कृति र सम्पदाले यो नगरकै गरिमा उँचो गराएको छ । काठमाडौं उपत्यकाका प्रख्यात चार महालक्ष्मी मन्दिरमध्येको एक मन्दिर यसै शहरमा रहेको छ भने नेपालकै एकमात्र 'जिब्रो छेड्ने जात्रा' (बैसाख २ गते), प्रसिद्ध नीलबाराही गणनाच (गाईजात्राको भोलिपल्ट भाद्र द्वितियादेखि पञ्चमीसम्म) उदाहरणीय सांस्कृतिक सम्पदाहरू हुन् । थिमिस्थित बाहाखा बजारबाट १ कि.मि. उत्तरमा रहेको बोडे क्षेत्रका प्रमुख सम्पदाहरु निम्न छन् :

- महालक्ष्मी मन्दिर परिसर
- नीलबाराही मन्दिर क्षेत्र
- मनहरा मिनी 'कोशी टप्पू'
- कुमारी द्यो स्क्वायर
- नारायण मन्दिर परिसर
- बोडे लायकू




Photo : Ratna Shrestha



हालै पुनर्निर्माण भएको बोडे लायकू (बोडे दरबार)

# महालक्ष्मी मन्दिर :

मध्यपुर थिमि नपा–८, बोडे शहरको मध्यभागको उत्तरी किनारास्थित भांगुटोलमा प्रसिद्ध महालक्ष्मी मन्दिर रहेको छ। वडा कार्यालय भवन अगाडि १२५ फिट लामो र ५० फिट चौडा प्राङ्गणमा पश्चिमाभिमुख दुईतले प्यागोडा शैलीको यो मन्दिर करिब ४० फिट अग्लो छ। १० फिट लामो र ७ फिट चौडा मन्दिरको गर्भगृहमा करिब ३ फिट लामा दुईवटा शिलालाई घोप्ट्याएर राखिएको छ। जसमध्ये पश्चिमतर्फको शिलालाई भैरव र पूर्वतर्फको शिलालाई महालक्ष्मी मानिन्छ। यी मूर्तिहरुले उग्ररुप लिई नरभक्षण गर्न शुरु गरेकाले मूर्तिलाई घोप्ट्याइएको मान्यता रहि आएको छ। यस मन्दिरमा ने.सं.८१० (वि.सं.१७४७) मा सुनको आँखीझ्याल चढाइएको अभिलेख पाइएतापनि सुरक्षाको अभावमा पहिले नै हराएको भनिन्छ। वास्तुकला र काष्ठकलाको उच्चतम् नमुना मान्न सकिने यो मन्दिरको स्थापना ने.सं.७४९ (वि.सं.१६८६) भन्दा पहिले नै भएको यहाँस्थित अभिलेखबाट बुझ्न सकिन्छ। काठमाडौं उपत्यकाका प्रख्यात चार महालक्ष्मीमध्येको एक यो मन्दिर बोडेबासीले मनाउने हरेक सांस्कृतिक जात्रा-पर्वसँग सम्बन्धित रहनुले पनि यसको महत्वलाई उजागर गर्दछ। हरेक बर्ष बिस्का जात्रा (बैसाख २ गते) को क्रममा यसै मन्दिरमा क्षमा पूजा गरिन्छ भने उक्त जात्रामा बोडे क्षेत्रका कूल ८ वटा खटयात्राको नेतृत्व पनि यही मन्दिरले गर्दछ। साथै बिस्का जात्राको लिङ्गो ठड्याउने र ढाल्ने कार्य पनि यसै मन्दिरमा हुने गर्दछ। बोडेस्थित चारदोबाटो (ख्वपः लाँ) चोकबाट ३५० मि. उत्तर-पश्चिम दूरीमा यो स्थान पर्दछ।







# कुमारी घो स्क्वायर :

मध्यपुर थिमि नपा–८ स्थित बोडे शहरको पश्चिमी मूलढोकाभन्दा बाहिरपट्टि बस्तीको सतहभन्दा तल्लोतहमा रहेको ऐतिहासिक कालिका (कुमारी) मन्दिरको प्रतिष्ठा ने.सं.७६३ (वि.सं.१७००) मा नरेश मल्लको पालामा भएको भएपनि विद्यमान स्वरुप ने.सं.८१९ (वि.सं.१७५६) मा भुपतीन्द्र मल्लको पालामा भएको थियो। चारैतर्फ फराकिलो खुला प्राङ्गणको मध्यभागमा आकर्षक एकतले प्यागोडा शैलीमा यो मन्दिर कलात्मक देखिन्छ। झिंगटीले छाइएको यस मन्दिरमा तीनवटा गजुर राखिएको छ। करिब २२ फिट अग्लो उत्तराभिमुख यस मन्दिरको अगाडि १६ फिट अग्लो कंक्रिट खम्बामा ढलौटले बनेको मयुरको प्रतिमा प्रतिस्थापन गरिएको छ। मन्दिरको गर्भगृहमा निराकार चिल्लो शिलालाई कुमारी स्वरुपमा पूजा गरिँदै आइएको छ। हरेक बर्ष बिस्का (जिब्रो छेड्ने) जात्रामा जिब्रो छेडिसकेपछि सात वटा खट लिएर यस मन्दिरको परिक्रमा गर्ने परम्परा छ भने यस क्षेत्रका बासिन्दाहरुको व्रतवन्धको सयममा यहाँ जानैपर्ने प्रचलन पनि छ।

हालै (वि.सं.२०७७) मन्दिर परिसरमा ढुंगा छपाउनुका साथै कलात्मक पाटी, डबली आदिको पनि निर्माण गरिएको छ। त्यस्तै मन्दिरको दक्षिण एवं पूर्वपट्टिको भिरालो पाखोलाई दुवोयुक्त हरितपार्कमा विकास गरी ढुंगा छापिएको पदयात्रा पथ, बगैंचा, परम्परागत ढुंगेधारा र कुण्ड आदि भौतिक संरचनाहरु आधुनिक बिजुलीबत्तीको सुन्दर संयोजनसहित निर्माण भएसँगै यो आन्तरिक पर्यटकको रोजाईमा पर्न थालेको छ। यो परिसरको दक्षिणपट्टि (माथि) ऐतिहासिक पलेस्वां पुखू (कमल पोखरी) रहेको छ। बोडेस्थित चारदोबाटो (ख्वपः लाँ) चोकबाट ४५० मि. उत्तर-पश्चिम दूरीमा यो स्थान पर्दछ।







# नीलबाराही :


मध्यपुर थिमि नपा–९ स्थित ऐतिहासिक नगरी टिगनी (तिगनी) को थोरै उत्तरमा पर्ने ढिस्कोयुक्त पहाडको जंगलभित्र रहेको नीलबाराही मन्दिर काठमाडौं उपत्यकाका प्रख्यात चार बाराहीमध्येको एक हो। कलिगत सम्वत् २९१२ अर्थात झण्डै २४०० बर्ष अघि तत्कालीन राजा विक्रम सेनका पालामा तान्त्रिक विधिबाट स्थापना भएको मानिने यो मन्दिर वर्गाकार रुपमा झण्डै ८ फिट अग्लो पर्खाल उठाएर छानाको सट्टा चारकुनाबाट बीचसम्म पुग्ने गरी चारवटा नाग ओढाइएको छ। छानारहित पश्चिमाभिमुख यस मन्दिरभित्र प्राकृतिक प्रस्तरलाई नीलबाराहीका रुपमा पूजा गरिन्छ। त्यहाँ अष्टमात्रिका, भैरव लगायतका अन्य मूर्तिहरु पनि देख्न सकिन्छ। हिन्दू तथा बौद्ध धर्मावलम्बीहरुको समान आस्था रहेको यस मन्दिर परिसरमा विभिन्न अन्य मन्दिर, पाटीहरु रहेका छन्। भक्तपुरबासीले धनका देवताका रुपमा धनबाराही भनेर पनि पुकार्ने नीलबाराहीको जात्रामा निकालिने मूर्ति महिष बाहन भएकी चार हातयुक्त त्रिनेत्रधारी देखिन्छिन् जसलाई टिगनीस्थित द्यो छेँ मा राख्ने गरिन्छ। बोडे क्षेत्रमा मात्र नभएर थिमिको बालकुमारीमा ३२ खटको बिस्का जात्रामा समेत यी बाराहीको खट सहभागी हुने परम्परा छ।

नेपाल सरकारले घोषणा गरेका १०० नयाँ पर्यटकीय गन्तव्यभित्र पनि पर्ने यो मन्दिर क्षेत्रको करिब ४०० रोपनी जंगल क्षेत्रमा निर्माण गरिने ‘ईको पार्क’ मा पर्यावरणीय अध्ययन तथा भ्रमण केन्द्र, व्यवस्थित वनभोज स्थल आदि संरचनाहरू तयार गरिँदै छ। बोडेको चारदोबाटो (ख्वपः लाँ) चोकबाट टिगनी हुँदै झन्डै १.५ कि.मि. उत्तर-पूर्व गएपछि यस मन्दिर क्षेत्रमा पुग्न सकिन्छ।



घो छें, ठिगनी




## नारायण मन्दिर परिसर :

मध्यपुर थिमि नपा–८, बोडेस्थित विष्णुघाटको ऐतिहासिक नारायण मन्दिर दुईतले प्यागोडा शैलीमा कलात्मक देखिन्छ। १५/१६ औं शताब्दीभन्दा अगाडि निर्माण भएको पश्चिमाभिमुख यस मन्दिरको गर्भगृहमा निराकार शिलामूर्तिलाई विष्णुको रुपमा पूजा गर्ने गरिन्छ। २८ फिट अग्लो यस मन्दिरको गजुर शिलाबाट बनेको छ भने मुख्यद्वार अगाडि शिलाको गरुढ मूर्ति स्थापना गरिएको छ। लोकेश्वर, नारायण, गणेश, गरुढ नारायण, कल्की नारायण लगायतका विभिन्न मूर्तिहरुबाट सु-सज्जित यस मन्दिरको पूर्वतर्फ ने.सं.१०२५ (वि.सं.१९६२) मा निर्मित गुम्बज शैलीको श्रीकृष्ण मन्दिर छ।

यसको नजिकै ३० मि. पश्चिममा ऐतिहासिक **बोडे लाय्कू** (बोडे दरबार / हाल बोडे मा.वि. परिसर) छ भने १०० मि. दक्षिण-पुर्वपट्टि बोडेका प्रायः जात्राहरूको सुरूवात गरिने सांस्कृतिक महत्वको लाछिटोलमा शिखरशैलीमा निर्मित निकै अग्लो ऐतिहासिक महत्वको प्राचीन नारायण मन्दिरसहित अन्य विभिन्न मठ-मन्दिरहरू, लाछिपोखरी, इनार, डबली आदि सम्पदाहरू पनि रहेका छन्। बोडेस्थित चारदोबाटो (ख्वपः लाँ) चोकबाट ३०० मि. उत्तर-पश्चिममा यो स्थान पर्दछ।

## मनहरा खोला किनारको सिमसारस्थित 'मिनी कोशीटप्पू' मा 'बर्ड वाचिङ्ग' केन्द्र :

मध्यपुर थिमि नपा–८ स्थित बोडे शहरबाट उत्तर तथा नीलबाराही जङ्गलको पश्चिममा पर्ने मनहरा खोलाकिनार क्षेत्रको सिमसार तथा घाँसेमैदानी भाग पछिल्लो समय चरा अवलोकन (बर्ड वाचिङ्ग) केन्द्रका रूपमा प्रसिद्ध हुँदै गएपछि स्थानीयले यसलाई 'मनहरा मिनी कोशी टप्पू' नाम दिएका छन्। बोडेस्थित चारदोबाटो (ख्वपः लाँ) चोकबाट झण्डै १ कि.मि. दूरीमा पर्ने यो सानो क्षेत्रभित्र लोपोन्मुखसहित अन्य सयौँ प्रजातिका रैथाने एवं 'पाहुना' चराहरूको अवलोकन गर्न सकिन्छ।







# कुशल भैरव मन्दिर :

मध्यपुर थिमि नपा–३, कौशलटार चोकस्थित अरनिको राजमार्गसँग उत्तरतर्फ जोडिएको ऐतिहासिक कुशल भैरव मन्दिर ।




Photo : nANDU

# नवदुर्गा मन्दिर :

मध्यपुर थिमि नपा–३, गठ्ठाघर चोकस्थित अरनिको राजमार्गसँग उत्तरतर्फ जोडिएको नवदुर्गा मन्दिर ।



**लोकन्थली क्षेत्रका प्रमुख सम्पदाहरु :**

- दिव्यश्वरी मन्दिर
- लोहँकी (ढुंगेकिला)
- दक्षिणकाली मन्दिर
- प्राचीन शिवालय
- राम मन्दिर
- हनुमान मन्दिर आदि ।

# दुर्लभ शैलीमा निर्मित दिव्यश्वरी मन्दिर :

मध्यपुरथिमि नपा–१ लोकन्थलीचोकस्थित अरनिको राजमार्गबाट ५० मि. मात्र दक्षिणमा रहेको शताब्दी पुरानो दिव्यश्वरी मन्दिर, दुर्लभ शैलीको 'श्रीयन्त्र' आकृतिमा मुख्य ५ सहित जम्मा १३ वटा गजुरहरुले सु-सज्जित छ। चारै दिशामा ढोकाहरू राखिएको यस मन्दिरको पूर्वी ढोकाबाट भित्र प्रवेश गरेपछि गर्भगृहमा बिशाल शिलाको श्रीयन्त्र विराजमान छ भने मन्दिरको मुख्य गजुर पनि श्रीयन्त्र आकृति माथि नै बनाइएको छ। करिब २६ फिट



अग्लो यस मन्दिर भित्र करिब ५ फिट अग्लो त्रिपुरासुन्दरी देवी दिव्यश्वरीको भीमकाय कालो शिला मूर्ति छ। ११ वटा शिर, १०८ वटा हात भएको उक्त भव्य मूर्तिलाई वरिपरिबाट नागले बेष्टित गरेको देखिन्छ। तान्त्रिक विधिबाट वि.सं.१९५० मा पण्डित दिव्यदेव पन्तले स्थापना गरेको यो मन्दिरमा नरिवल लगायतको शुद्ध जल चढाएर वैदिक मन्त्रद्वारा नित्य पूजा गरिँदै आइएको छ। देवीको मन्दिर भएर पनि यहाँ पशुपंक्षिको बलि दिइदैन। यस मन्दिर परिसरमा साई भजन केन्द्र र योग केन्द्र पनि संचालनमा छन्।

# श्यामा श्याम (राधेराधे) धाम :



मध्यपुर थिमि नपा–९ स्थित अरनिको राजमार्गबाट उत्तरतर्फ १४ रोपनी क्षेत्रमा फैलिएको श्यामा श्याम धाममा अत्यन्त कलात्मक राधाकृष्ण मन्दिर, भक्ति मन्दिर, विभिन्न देवी-देवताका सुन्दर मूर्तिहरूसहितका संरचनाहरू निर्माण भएका छन् ।



थिमि क्षेत्रमा उत्पादन भई विदेशसमेत निर्यात हुने अन्तराष्ट्रिय गुणस्तरका सेरामिक्स भाँडाहरु (माथि) तथा मुकुण्डो 'माक्स' (तल)



# तस्विर आँफै बोल्छ...











# मध्यपुर थिमि नगरपालिका क्षेत्रका प्रमुख सडक

| दूरी | क्र.सं. | स्थान | दूरी |
|---|---|---|---|
| | १ | मनहरा पुल | ०.५५ कि.मि. |
| ०.४० कि.मि. | २ | लोकन्थली चोक | |
| | ३ | कौशलटार चोक | ०.८५ कि.मि. |
| ०.६० कि.मि. | ४ | गठ्ठाघर चोक | |
| | ५ | चारदोबाटो चोक | ०.६० कि.मि. |
| १.४० कि.मि. | ६ | शंखधर चोक | |
| | ७ | हनुमन्ते पुल | |
| | ८ | मनहरा पुल | १.१० कि.मि. |
| १.३० कि.मि. | ९ | सानोथिमि | |
| | १० | बाहाखा बजार चोक | ०.३० कि.मि. |
| | ११ | नपा कार्यालय | |
| | १२ | निकोसेरा चोक | ०.८० कि.मि. |
| | १३ | पूर्वी सिमा पुल | |
| | १४ | धुन्चोपाखा | ०.९० कि.मि. |
| १.१० कि.मि. | १५ | बोडे चारदोबाटो चोक | |
| | १६ | नीलबाराही | |

| देखि | दूरी | सम्म |
|---|---|---|
| ९ | १.६० कि.मि. | १४ |
| १० | ०.८५ कि.मि. | १५ |
| ६ | १.१० कि.मि. | १० |
| २ | १.७० कि.मि. | ९ |
| ४ | १.४० कि.मि. | ९ |
| ४ | २ कि.मि. | १० |
| १० | १.१० कि.मि. | १४ |
| १० | १.१० कि.मि. | १२ |
| ५ | १.६० कि.मि. | १० |



# सञ्जाल र दूरी तथा सांकेतिक क्षेत्रगत विवरण







16th December, 2020

ata
ASIAN TOWNSCAPE AWARDS

2020 ASIAN TOWNSCAPE AWARD

PRESENTED TO

Madhyapur Thimi Municipality

FOR

Revitalization of Madhyapur Thimi Municipality by restoration of historical and cultural heritage

PRESENTED BY

UN-HABITAT FOR A BETTER URBAN FUTURE · 亞洲人居環境協會 Asian Habitat Society · ATDeS · URC

सम्पदा पुनर्निर्माण / पुनर्जागरण अन्तर्गत एशियाको प्रतिष्ठित पुरस्कार '2020 ASIAN TOWNSCAPE AWARD' बाट सम्मानित मध्यपुर थिमि नगरपालिका


मध्यपुर थिमि नगरपालिका
भक्तपुर, बागमती प्रदेश, नेपाल ।

☎ +९७७-१-६६३००४६/६६३५७०४ 🖷 ०१-६६३७६५२

इमेल : info@madhyapurthimimun.gov.np

वेभसाइट : www.madhyapurthimimun.gov.np